# वेद संहिता र भगवद्गीतामा मानव अधिकार

डा. कृष्णचन्द्र शर्मा[1]

इमेल : kcsharma111@gmail.com

Sharma, K. C. (2026). वेद संहिता र भगवद्गीतामा मानव अधिकार. *Sambahak: Human Rights Journal*, *26*(1), 50–70. https://doi.org/10.3126/sambahak.v26i1.96281

*सार-सङ्क्षेप*

*मानव अधिकारको विषय मानव अस्तित्वसँगै सुरु भएको थियो। संविधान र कानुनले वर्तमान स्वरूप प्राप्त नगर्दासम्म हिन्दु समाजमा वैदिक साहित्यमा नै मानव अधिकार र कर्तव्यका प्रावधान थिए। खासगरी संयुक्त राष्ट्रसङ्घले १० डिसेम्बर सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेपछि यसको आधारमा मानव अधिकार सम्बन्धी धेरै महासन्धिहरू निर्माण भएका छन् ।नेपाल पनि विभिन्न महासन्धिहरूको पक्ष राष्ट्र बनेको छ। यस लेखमा प्राचीन मानव अधिकारको अवधारणालगायतका विषयहरूमा चर्चा गरिएको छ। वैदिक साहित्यहरूमध्ये वेद संहितामा र वेदान्त ग्रन्थ भगवद्गीतामा मानवजीवनलाई सफल बनाउनका लागि श्रीकृष्ण र अर्जुनबीचको संवादका क्रममा अभिव्यक्त महत्त्वपूर्ण विचारले मानव अधिकारको सन्दर्भलाई कसरी सहयोग गर्छन् भन्ने सम्बन्धमा यो लेख केन्द्रित छ। गीतामा कर्तव्यपालनलाई कर्मयोगका रूपमा र जीवनको गुह्य बुझ्न आवश्यक ज्ञानलाई ज्ञानयोगका रूपमा (साङ्ख्य योग) कर्म र ज्ञानको प्राप्ति, अनन्य आस्था र श्रद्धालेमात्र सम्भव हुने हुनाले त्यस्तो समर्पणका भावलाई भक्तियोगका रूपमा व्याख्या गरिएको छ। श्रद्धा र समर्पणविना कुनै पनि ज्ञान आत्मसात हुँदैन, त्यसैगरी श्रद्धा र ज्ञानविना कुनै पनि कर्म निष्ठासाथ गर्न सकिँदैन। अनन्य भक्ति, गहिरो ज्ञान र कर्तव्यका रूपमा कर्मठ रही रहने व्यक्ति र समुदायले अरूको मानव अधिकारको कदापि हनन गर्दैन, बरू सहयोग नै गर्दछ। कर्मयोगको जीवन शैलीले व्यक्तिलाई निस्वार्थी र कर्तव्यपरायण बनाउँछ, जुन कुरा मानव अधिकारका लागि अपरिहार्य हुन्छ।*

**प्रमुख शब्दकुञ्जीहरू** : कर्मयोग, भक्ति, ज्ञान, आदर्श जीवन, मानव अधिकार

[1] पूर्व प्रमुख, अंग्रेजी केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय,, नेपाल ।

## विषय प्रवेश

संयुक्त राष्टसङ्घले  सन् १९४८ मा जारी गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्रका आधारमा मानव अधिकारसम्बन्धी विभिन्न दस्तावेजहरू तयार भएका छन् । सिवाकोटीका अनुसार नेपाल मानव अधिकारका विविध विषयमा २४, अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी १०, अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धिहरू) सम्बन्धी चार, वातावरणसम्बन्धी २४ र क्षेत्रीय (सार्क) दुई वटा महासन्धिहरूको पक्ष राष्ट्र बनेको देखिन्छ (सिवाकोटी, २०८१, पृ. ७२८–७३३) । नेपालको संविधान र विभिन्न ऐनहरूमा समेत मानव अधिकारसम्बन्धी स्पष्ट प्रावधानहरू रहेका छन्। नेपालको संविधान को धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोग र धारा २४९मा आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाहरूमा समेत शिक्षा, स्वास्थ्य, संस्कृतिलगायतका  विषयहरू समेटिएका छन् ।

## मानव अधिकारको परिभाषा

मानव अधिकारलाई विभिन्न अभिव्यक्तिमार्फत प्रयोगमा ल्याइएको पाइन्छ । यसलाई प्राकृतिक अधिकार (Natural Rights), नैसर्गिक अधिकार (Inherent Rights), मौलिक अधिकार (Fundamental Rights), आधारभूत अधिकार (Basic Rights) र संवैधानिक अधिकार (Constitutional Rights) पनि भनिएको पाइन्छ। त्यसै गरी नागरिक,राजनीतिक, आर्थिक, सांस्कृतिक र विकासको अधिकार (Civil, Political, Economic, Cultural and Development Rights), अहरणीय अधिकार (Non-derogable Rights), विश्वव्यापी अधिकार (Universal Rights) लगायतका अभिव्यक्तिलाई मानव अधिकारको पर्यायवाचीको रूपमा लिने गरिएको छ । यी अभिव्यक्तिहरू आपसमा अन्तर्सम्बन्धित भए पनि पर्यायवाची भने होइनन्, सबैको आआफ्नो अर्थ र परिभाषा छ । मानव अधिकारमाथि उल्लिखित अधिकारसहित नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक, सांस्कृतिक र विकाससम्बन्धी अधिकारको आम अर्थात समुच्च अभिव्यक्ति हो। संयुक्त राष्ट्रसङ्घको बडापत्रमा मानव अधिकार (Human Rights) र मौलिक स्वतन्त्रता (Fundamental Freedoms) शब्दावली प्रयोग गरिएको छ (सिवाकोटी, २०८१ पृ.१४) ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा (२) च मा मानव अधिकारको परिभाषा यसरी दिइएको छ : "मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा  प्रदान गरिएका अधिकार सम्झनुपर्छ  र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय सन्धिमा निहित अधिकारलाई समेत जनाउँछ "(मानव अधिकारः जान्नुपर्ने कुरा, २०८१) ।

युगौंदेखि नेपाल मूलतः हिन्दु—बौद्ध समाज हो । अठारौं शताब्दीबाट हतियार बनाउनका लागि बाइसे र चौबिसे राजाहरूले कारीगढका रूपमा र महिलाहरूको आवश्यक श्रृङ्गार वस्तु चुरा र डोरीको आवश्यकता पूरा गर्न भारतबाट मुसलमानलाई बोलाएर ठाउँठाउँमा (पोखराको बाटुलेचौर, पाल्पाको चुत्राभञ्ज्याङ, गोर्खा बजार आदि) बसाएको हो । नेपालमा क्रिश्चियन बस्तीको इतिहास वि.सं २००७ साल पछिमात्र सुरु हुन्छ । त्यसैले नेपालमा संविधान र ऐन कानुनले मानव अधिकारको स्पष्ट व्यवस्था नगर्दा पनि मानव अधिकारको अभ्यास थियो। त्यसको आधार भने वैदिक ग्रन्थहरू थिए, जसले संविधान र ऐनको पनि काम गर्थे । त्यस्तै बौद्ध समाजमा मानव अधिकारको अभ्यास त्रिपिटक र धम्मपद ग्रन्थका आधारमा हुन्थ्यो ।

## अनुसन्धान प्रश्न र उद्देश्य

**यस लेखको मूल अनुसन्धान प्रश्नः** संविधान र ऐनको वर्तमान स्वरूप आउनुभन्दा धेरैअघि देखि नेपाली समाजमा मानव अधिकारको अभ्यास वेद संहिता र भगवद्गीतामार्फत् कुन रूपमा हुँदै आएको थियो ? **यस लेखको मुख्य उद्देश्यः** वेद संहिता र भगवद्गीतामा रहेको मानव अधिकारको अभ्यासको स्वरूप स्पष्ट पार्नु रहेको छ ।

## सीमा र पद्धति

यस लेखको सीमा हिन्दु समाजमा प्रचलित मानव अधिकारका आधार, वैदिक ग्रन्थ र खासगरी भगवद्गीता रहेको छ । यहाँ गुणात्मक अनुसन्धान पद्धतिलाई आत्मसात गरिएको छ । विशेषतः वेद संहिता र भगवद्गीता हिन्दु संस्कृतिका आधार ग्रन्थहरूको पठन र तिनका उद्धरणको विश्लेषण गरी हिन्दु समाजमा शदियौंदेखि मानव अधिकारको अवस्था र अभ्यास केकस्तो रहेछ, त्यसको निर्क्योल गरिएको छ ।

## मानव अधिकार र आदर्श मानव जीवनबीच अन्तर्सम्बन्ध

वेदका संहिता ग्रन्थहरू, उपनिषद् र भगवद्गीताले मानव अधिकारको मार्ग मानव जीवनको आदर्शको अनुशरणबाट मात्र हुने देखाउँछ । गीताअनुसार जीवन बुझियो भने र त्यसरी बाँचियो भने अरू कसैको अधिकार हनन गर्ने सोच नै जन्मिदैन । गीताका अनुसार जीवनको यथार्थताः जन्मेको जीवले मर्नै पर्छ (२.२७), भोग र आसक्तिको कुनै सीमा छैन (१६.१२—१५) । कर्म गर्नु सबै मानिसको पहिलो कर्तव्य हो (३.८) । जति नै सम्पत्ति, परिवारप्रति, शरीरप्रति, मान र शानप्रति लोभ, लालच, माया,मोह, राग, द्वेष, इर्ष्या, भय, क्रोध राखे पनि अन्तमा केही साथमा नलिई एक दिन यी सबलाई छाडेर यस संसारबाट बिदा हुनुपर्छ । त्यसैले शरीर चलाउन परिवार र समाज चलाउन

कार्यरत बन तर जतिखेर पनि प्राप्तिप्रति आसक्त नबन । सम्भव भएसम्म एकान्तमा बस, एक्लै रमाउने तर सामाजिक दायित्वबाट भागेर होइन । त्यागी हुनु भनेको र सन्यासी हुनु भनेको गीताको भाषामा दायित्वपूर्ण गृहस्थी जीवनबाट भाग्ने होइन, फलको आश नराखी काम गर्नु अर्थात निष्काम कर्म गर्नु त्याग हो । नियमित कर्म गर्ने (यज्ञ, दान र तप कर्म) तर काम्य कर्म (जग्गा थप्न पाए हुन्थ्यो, नयाँ घर बनाउन पाए हुन्थ्यो, छोराछोरी स्कुल क्याम्पसमा सबै प्रथम भइदिए हुन्थ्यो आदि) त्याग्नु नै सन्यास हो (Gotshalk, 1993)[2] । आसक्ति नराखी गरिने कर्म नै कर्मयोग हो । गीताले पटक—पटक भनेको आदर्श जीवन निरन्तर कार्यरत कर्मठ जीवन हो । कर्मका स्वरूप, पेसा र व्यवसायका स्वरूप, दायित्व र जिम्मेवारीका स्वरूपहरू फरक‘फरक हुन सक्छन् । आफ्नो काम कर्तव्य नै गीताको भाषामा स्वधर्म हो, त्यसमा इमान्दार हुनु नै जीवनमा सुखी हुने मुख्य कडी हो । अरूको काम र व्यवसाय परधर्म हो, त्यसप्रति आसक्त जरुरी छैन ।

## गीताको महत्त्व

भगवद्गीता समस्त वेदशास्त्र, स्मृतिग्रन्थहरू र पुराणहरूको सार ग्रन्थ हो । सजिलो भाषा शैलीमा भएकाले सर्सर्ती पढ्दा बुझेजस्तो लाग्छ तर त्यसका प्रत्येक श्लोक चार वेदका, वैदिक षड्दर्शनका र पुराणका कुनै गहन सन्दर्भसित जोडिएका हुनाले ती शास्त्रहरूको राम्रो ज्ञान नहुँदासम्म गीताको सतही अर्थमात्र बुझिन्छ र त्यसैमा सन्तोष गर्नुपर्छ । गीताका अनुसार संसारका सबै मार्ग देश र कालअनुसार ठीक छन्, जसरी सबै नदीहरू समुद्रमा पुग्दछन, सबैको पुग्ने ठाउँ एउटै हो भनेको यसरी गीता मानवमात्रको शास्त्र हो किनभने यसले सबैको विचार स्वीकार गर्दछ । गीताका अनुसार (Sarasvati, 2013)[3] मानिसले स्वतन्त्र भएर आआफ्नो आस्था मान्नुपर्छ, कुनै आस्था सानो—ठुलो हुँदैन । भगवद्गीतामा पनि मानिसको अधिकार र कर्तव्यको चर्चा वेदमा दिइएका विचारको निरन्तरता छ । यसबारेमा वेद संहिता र वैदिक साहित्यमा के—कस्तो परिचर्चा रहेको छ भन्नेबारे केही प्रमुख बुँदाहरू उल्लेख गर्न जरुरी देखिन्छ । त्यसैले वेदमा मानव अधिकारसम्बन्धी मानिसले गर्नुपर्ने कर्तव्यबारे धेरै प्रसङ्ग रहेका छन, तीमध्येबाट केही प्रतिनिधि विचारहरूलाई सङ्क्षिप्त रूपमा निम्नानुसार उल्लेख गरिएको छः

---

[2] गीता, १८.२—६

[3] गीता, ४.११; ७.२१

## वेद संहिताका मुख्य विचारः दायित्व र अधिकार

संसारमा प्राप्त प्राचीन ज्ञान परम्परामध्ये वैदिक ज्ञान परम्परा सबैभन्दा पुरानो मानिन्छ । त्यस परम्पराको मूल चार वेद संहितामा ऋक्, यजु, साम र अथर्वलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो स्थानमा राखिन्छ । वेद संहितामा रहेका मन्त्रहरूमा विषयवस्तु सूत्र रूपमा दिएको हुन्छ र ती सूत्रलाई ब्राह्मण ग्रन्थ, आरण्यक ग्रन्थ र उपनिषद्मा व्याख्या गरिएको पाइन्छ । अझ सविस्तार व्याख्या इतिहास र पुराण ग्रन्थहरूमा पाइन्छ । वेद संहिताबाट प्रारम्भ भएको वैदिक दर्शन र साहित्य क्रमशः व्याख्या ग्रन्थहरू हुँदै उपवेद, वेदका छ अङ्ग, इतिहास र पुराणमा पुगेर कथानक र पात्रका माध्यमले झाङ्गिएको पाइन्छ । वेद मूलत विधिशास्त्र हो, यसले केही कर्मलाई वेदसम्मत मानेको छ । जीवनमा सफल हुन तिनलाई अनुशरण गर्नु जरुरी छ तर केही कर्महरूलाई वेदले निषेध गरेको छ । वेदमा दायित्व र अधिकार जोडिएर आउँछन् । वेद व्यवहारिक शास्त्र हो, यसले जीवन सफल बनाउने सम्बन्धमा जोड दिन्छ । त्यसका लागि व्यक्तिले समुदायको सापेक्षतामा कर्तव्य निर्वाह गर्नुपर्दछ । वेदमा समुदायलाई जोड्ने कर्म यज्ञ हो, यो सामूहिक काम हो "सहवीर्यं करवावहे" (Acharya, 2018)[4] । सामूहिक काम नै श्रेष्ठ कर्म हो "श्रेष्ठतमाय कर्मण"(Joshi, 2074 B.S.)[5] ।

## विवाह सूक्त : आदर्श दाम्पत्य जीवन

कर्तव्य पालन नगरी अधिकारको प्रश्न उठ्दैन, त्यसैले विवाह गरेपछि पतिपत्नीको दायित्व र अधिकारको चर्चा विवाह सूक्तमा (Acharya, 2018)[6] पाइन्छ । अहिले हामीले नेपाली विवाहयोग्य केटाकेटीलाई वरबधू भनेजस्तो ऋग्वेदमा विवाहयोग्य उमेर भएका केटालाई *सोम* र केटीलाई *सूर्या* भनिएको छ । विवाहमा लगाउने वस्त्रको विशेष वर्णन गरिएको छ । विवाह गर्दा वरलाई केटीले रोज्ने चलन थियो । बाल विवाहको चलन थिएन । विवाहपछि पत्नी पतिको घरमा जाने चलन वैदिक युगमा रहेको पाइन्छ । विवाह मण्डपमा धेरै पाहुना रहेकोमा विवाह कर्म गरिएको भनिएको छ । पतिले पत्नीको हात समातेर गम्भीर मुद्रामा भन्छन्– जीवनभर तिमीले मेरो साथ देऊ र हामीले वंशवृद्धिका लागि सन्तान प्राप्त गरौं । हामी कहिले अलग नहोऔं, जीवनभर साथ रहौं, छोराछोरी र नातिनातिनाले घर वरिपरि खेलुन् । पतिपत्नीबीचको विवाहको सम्बन्ध जीवनभरका लागि भनिएको छ । पतिले पत्नीलाई भन्छन्– घरका सबै सदस्यप्रति तिम्रो प्रेम रहोस्, घरका दुई

[4] ऋग्वेदको १०. १९१.२

[5] यजु. १.१

[6] ऋग्वेदको १०.८५, अथर्ववेदको १४ काण्ड

खुट्टे र चार खुट्टे जनावरले पनि स्याहार—सुसार पाऊन् । तिमी सासु, ससुरा, नन्द र देवर सबैकी रानी (सम्राज्ञी) बने (Acharya, 2018)।[7]

मानव अधिकारको विश्व्यापी घोषणापत्र, १९४८ को धारा १६ (१) उमेर पुगेका पुरुष तथा महिलालाई जाति, राष्ट्रियता वा धर्मको सीमाविना विवाह गरी परिवार बसाउने र (२) इच्छुक वरवधूको स्वतन्त्र तथा पूर्ण मन्जुरीविना विवाह नगरिने उल्लेख छ । महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ (धारा १६, १) मा (क) विवाह गर्ने समान अधिकार र (ख) स्वतन्त्र रूपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकार र २ मा बालकको वैवाहिक वाग्दान र बाल विवाहको कानुनी मान्यता नहुने व्यवस्था गरिएको छ । यसका साथै बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३ मा बालबालिकाको सर्वोत्तम हित, धारा १९ मा हानिकारक प्रथाबाट जोगाउनुपर्ने, धारा २४ (३) ले बालबालिकाको स्वास्थ्यमा हानि पुर्याउने परम्परागत प्रथाहरू निषेध गर्नुपर्ने प्रावधान छ । माथि उल्लिखित यी आधुनिक मानव अधिकारसम्बन्धी व्यवस्थालाई हेर्दा तात्कालीन अवस्थामा नै वेदले आत्मसात गरेको थियो भन्नुमा अन्यथा नहोला ।

**विद्याका भेदहरू : व्यावहारिक ज्ञान र अध्यात्म ज्ञान**

यजुर्वेदको ३०औं अध्याय (५ देखि २२ मन्त्रसम्म) मा तत्कालीन समयको समाजमा प्रचलित सयौं पेसा—व्यावसायको विवरण दिएको छ । वेदले व्यावहारिक ज्ञान र अध्यात्म ज्ञान गरेर विद्यालाई स्थूल रूपमा दुई वर्गमा बाँडेको छ तर दुवैको सन्तुलन नभई परिपूर्णता प्राप्त नहुने कुरा इशावास्योपनिषद्का मन्त्रहरूमा (१२—१४ ) स्पष्ट किटान गरिएको छ (Joshi, 2074)। त्यसैगरी कठोपनिषद्ले पनि विद्यालाई प्रेय विद्या र श्रेय विद्याका रूपमा बाँडेको छ । वेदको दृष्टिकोण बहुत् सन्तुलित रहेको छ । विद्या आर्जन नगरी गृहस्थ जीवन सफल हुँदैन, गृहस्थ जीवनपछि वैराग्यको चरणमा प्रवेश नगरी अध्यात्म ज्ञानको गहिराइ बुझिँदैन । त्यसैले विद्यार्थी, गृहस्थी हुँदै समाज सेवा गर्दै वैराग्यको चरणमा प्रवेश गरी अध्यात्मको गहिराइमा डुबेरमात्र समाजलाई मार्ग निर्देशन गर्न सकिने कुरा सप्त ऋषिका जीवन शैली, राजा जनकको वैराग्यमय जीवनबाट बुझ्न सकिन्छ । वेदले यी सबै सीप भएका समूहलाई वर्ण व्यवस्था भनेको छ । प्रत्येक वर्णको निश्चित कर्तव्य,अधिकार र सीमा तोकिएको छ । आफ्नो अधिकारको सीमाभित्र रहेपछि अरूको अधिकारको हनन हुने भएन।

[7] ऋग्वेदको ८५.३५-३७, ४२-४६

यसरीमात्र मानव अधिकारको आदर्श स्थापित भई वैदिक आदर्श समाजको निर्माण हुने भयो, जुन मानव अधिकारका दृष्टिले अनुकरणीय समाज हो ।

वेदले सिकाएको व्यावहारिक र आध्यात्मिक ज्ञान मानवमात्रका लागि भएको कुरा यजुर्वेदको २६ औं अध्यायको दोस्रो मन्त्रमा स्पष्ट रूपमा लेखिएको छ । यो पढ्ने र पढाउने, सिक्ने र सिकाउने मानवमात्रको अधिकार हो । यो कुनै वर्ग र वर्णका लागि मात्र होइन । यति स्पष्ट विधान हुँदाहुँदै पनि वेदका मन्त्रको प्रयोग केवल उच्चारणका रूपमा पूजापाठमा मात्र सीमित भइरह्यो । जनसाधारणले के बुझे भने वेदका मन्त्रको कुनै अर्थ हुँदो रहेनछ । यो केवल संस्कार कर्ममा, पूजापाठमा पुरोहित वर्गले उच्चारण गर्ने रहेछ, अरूले जान्नुपर्ने विषयवस्तु होइन रहेछ । यसरी वेदशास्त्रको ज्ञानबारे समाज बेखबर रह्यो । यो भन्दा ठुलो बिडम्बना मानवजातिको ज्ञानको इतिहासमा छैन होला, जबकि वेद अथाह ज्ञानराशिले भरिएको छ । जसरी समस्त पश्चिमा जगतमा सबै शास्त्रको आधार ग्रीक ज्ञान परम्परामा औंल्याइन्छ, चाहे त्यो गणित, दर्शन, सौन्दर्यशास्त्र, राजनीति, अर्थशास्त्र, विज्ञान, चिकित्साशास्त्र, समाज, सस्कृति जे होस । त्यसैगरी पौरस्त्य ज्ञान परम्परामा खासगरी वैदिक ज्ञान परम्परामा चाहे त्यो दर्शन, साहित्य, तर्कशास्त्र, राजनीति, अर्थशास्त्र, विज्ञान, गणित, भूगोल, खगोल संस्कृति आदि सबै विषयको आधार वेदमा फेला पर्दछ । त्यसैले वैदिक साहित्यलाई राम्ररी अध्ययन नगरी अरू अध्ययन पूरा हुँदैन ।

## ब्रह्मचर्य सूक्तः जीवनको आदर्श विद्या

विद्यार्थी (ब्रह्मचारी) को कर्तव्य र अधिकार ब्रह्मचर्य सूक्तमा (Saraswati and Viraj, n.d.)[8] पाइन्छ। ब्रह्म शब्दको एउटा अर्थ वेद हो, अर्को अर्थ परम् सत्य हो, जुन सत्य जान्नका लागि गुरुकुलमा गुरुले विभिन्न शास्त्र अध्ययन र अध्यापन गराउँछन् । पश्चिमा विद्वान् ब्लूमफिल्डले ब्रह्मचारी शब्दको अर्थ वैदिक विद्यार्थी भनेका छन् । गुरुशिष्यको कर्तव्य र अधिकारबारे ऋग्वेदको नवम् मण्डल(सोम मण्डल) मा प्रशस्त वर्णन पाइन्छ । वशिष्ठ शब्द नै विशिष्ठ विद्वान् भन्ने अर्थमा प्रयोग भएको छ । विद्या साधनाको अवस्था ब्रह्मचर्य अवस्था हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १३ उल्लिखित सबैलाई शिक्षा पाउने र बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २८ प्रत्येक बालबालिकालाई

[8] अथर्ववेदको ११.५

शिक्षा प्राप्त गर्ने अधिकारको बारेमा उल्लेख छ । यसरी हेर्दा अथर्ववेदले शिक्षाको अधिकारलाई आत्मसात् गरेको पाइन्छ ।

## ऋतम्को सिद्धान्तः वेदको सार्वभौम प्राकृतिक नियम

ऋग्वेदको दशम् मण्डलको १९० सूक्तमा समस्त ब्रह्माण्ड एउटा शास्वत नियमको परिपालनले चल्दछ भनिएको छ । यस शास्वत नियमलाई ऋत भनिएको छ, यो नै प्राकृतिक नियम हो । यो ऋत नै अपवित्र्य सत्य हो । त्यसैले "ऋतं च सत्यं चाभीद्धात्" अकाट्यरूपमा भइरहने कुरा नै सत्य हो । यसै नियमअनुसार दिन, रात, वर्ष, महिना, पक्ष, सप्ताह ऋतु विभाजित भए । सबै ग्रह पिण्डहरूजस्तै सूर्य र चन्द्रले पनि यही ऋतको नियमअनुसार काम गर्छन् । प्रकृतिले कत्ति तलमाथि नपारी काम गर्छ । वर्षभरि ऋतुहरू जाडो, गर्मी र वर्षा आफ्नो समयमा ठीक्क आउँछन् र निर्धारित समयमा अर्को ऋतुलाई छाडिदिन्छन् । रुखहरूमा फुल र फल समयमा आउँछन् र प्रक्रियाअनुसार तयार हुन्छन् । त्यसैगरी रुखबिरुवा, प्राणीहरू जन्मिने हुर्कने र मर्ने प्रक्रिया अनन्तकालदेखि यथावत्रूपमा ऋतको शास्वत नियमअनुसार हुने गरेको छ । यसलाई अनुशरण गर्दा सबै नियमत यथावत् हुन्छ तर ऋतको यस नियमलाई अहिलेका मानिसले विज्ञान र प्रविधिका आधारमा उपेक्षा गर्नाले खानपिन रहनसहनमा अस्तव्यस्तता, सहर किनारका फोहरबस्ती, नदी प्रवाहमा व्यवधान गर्नाले पृथ्वीको तापक्रममा वृद्धि, असमय बाढीपहिरो, अनेक थरिका रोगव्याधि र अकाल मृत्यु हुने गरेको छ । जबसम्म ऋतलाई अर्थात् प्रकृतिको नियमलाई पालन गरिन्छ, हामी स्वस्थ र दीर्घजीवी हुन्छौं, अन्यथा अकाल मृत्यु निश्चित छ । यो नियम मानव अधिकारसित पनि जोडिन्छ । प्रकृतिको नियमअनुसार समाज चलिन्जेल समाजमा शान्ति—सुव्यवस्था हुन्छ । व्यक्ति स्वार्थी भएपछि अन्याय शोषण सुरु हुन्छ र मानव अधिकार हनन हुन्छ । ऋतम्को पालनले वातावरण संरक्षण, समाजमा शान्तिसुरक्षा कायम हुनुका साथै मानव अधिकार सुरक्षित रहन्छ । रियो घोषणा १९९२ ले आत्मसात् गरेको दिगो विकास, वातावरण संरक्षण र पेरिस सम्झौता, २०१५ ले भावी पुस्तालाई सुन्दर र स्वच्छ वातावरण हस्तान्तरण गर्नुपर्ने परिकल्पना गरेको छ । यस पाटोलाई वेदमा तात्कालीन अवस्थामा नै आत्मसात गरिएको देखिन्छ ।

## पूर्ण आयु सय वर्षः सक्रियता जीवनको आदर्श

वेदले सक्रिय सय वर्ष आयुको मात्र कुरा गर्दछ (Joshi, 2074)[9] । कसैको सहारा लिन नपर्ने गरी स्वस्थ भएर सय शरद हेर्न, बाँच्न र बोल्न पाइयोस् (Acharya, 2018; Joshi, 2074)[10] अथर्वका

[9] यजु.को ४०.२

शान्ति मन्त्रहरू सानासाना छन् । तिनमा पनि सक्रिय सय वर्षको कामना छ, जसलाई यहाँ सान्दर्भिक हुने ठानी निम्नानुसार उल्लेख गरिएको छः

(१) पश्येम शरदः शतम् । (२) जीवेम शरदः शतम् । (३) बुध्येम शरदः शतम् । (४) रोहेम शरदः शतम् । (५) पूषेम शरदः शतम् । (६); भवेम शरदः शतम् । (७) भूयेम शरदः शतम्। (८) भूयसी शरदः शतम् । (९)[11] ।

हजारौं लाखौं वर्षको जीवनको कल्पनाजस्तै युधिष्ठिरले ३६०० वर्ष शासन र रामले १० हजार वर्ष रामराज्य गरे । रावणले १० हजार वर्ष तपस्या गरेजस्ता स्वैर कल्पना केवल इतिहास पुराण ग्रन्थहरूले मात्र गर्दछन् किनभने ती वैदिक परम्पराका सुन्दर काल्पनिक साहित्य हुन् । वेद गहन सत्यमा आधारित ज्ञान भएकाले यसले सत्य र सम्भव कुराको प्रस्तुति दिन्छ । हामीले सय वर्ष बाँचेको धेरै मान्छे देखेका छौं । सय वर्ष स्वस्थ जीवन सम्भव छ । वेदले सम्भवको कुरा गर्दछ । अध्ययनमा हामीले वेद र पुराणबीच भ्रममा पर्नुहुँदैन । वेद आधार ग्रन्थ हुन्, तिनका सूत्रहरूको व्याख्यामा सबै वैदिक दर्शनको सान्दर्भिकता बुझ्नुपर्दछ । अन्य सबै पुराण इतिहास ग्रन्थहरूजस्तै १८ पुराण, रामायण र महाभारत पनि काल्पनिक साहित्य ग्रन्थ हुन् । तिनको उद्देश्य वेदसम्मत विचारहरू पात्र र कथामार्फत सजिलो भाषामा बुझाउने हो तर उनीहरूले यति धेरै प्रतीक र बिम्बको प्रयोग गरे, तिनलाई चिरेर यथार्थ बुझ्न गाह्रो भयो र मानिसले बिम्बात्मक प्रस्तुतिलाई नै यथार्थ मान्न थाले । यसरी हेर्दा वेदमा स्वास्थ्यको अधिकारको बारेमा चर्चा गरिएको पाइन्छ । यस अधिकारलाई मानव अधिकारको घोषणापत्र, १९४८, आर्थिक, सामाजिक तथा

सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, बाल अधिकारसम्बन्धी महासन्धिमा विशेष रूपमा उल्लेख गरिएको छ । यी दस्तावेजहरूमा स्वस्थ्य खानपान, रोगको रोकथाम र उपचारमा जोड दिएको छ।

### वर्णव्यवस्थाः खुला सामाजिक आदर्श

वैदिक अवधारणाअनुसार चार प्रकारका मानिसहरूको समायोजनबाट आदर्श समाज निर्माण हुन्छ, जसमा विद्वान् वर्गले शिक्षा र अनुसन्धानद्वारा समाजको सेवा गर्छन् । सुरक्षासेवा र प्रशासन सेवामा लागेका वर्गले समाजमा आन्तरिक शान्तिसुरक्षा र बाह्य आक्रमणबाट रक्षा गर्छन् । आर्थिक कारोबार कृषि, व्यापार उद्योगधन्धामा लागेका मानिसले समाजमा समृद्धि कायम राख्न सहयोग पुर्याउँछन् र बौद्धिक क्षमता, प्रशासनिक क्षमता र आर्थिक क्षमता हासिल गर्न नसकेका मानिसले

---

[10] ऋग्वेद, ७. ६६.१६, यजु., ३६.२४

[11] अथर्ववेदको १९.६७.१—८

अदक्ष वा अर्धदक्ष श्रमिकका रूपमा उपर्युक्त तीनै तहका मानिसलाई सहयोग गर्छन् । वैदिक शब्दावलीमा क्षमता र दक्षताका आधारमा, बौद्धिक क्षमता भएका व्यक्तिलाई ब्राह्मण, प्रशासनिक क्षमता भएकालाई क्षत्रिय, आर्थिक आर्जन सीप र क्षमता भएकालाई वैश्य र शारीरिक श्रम गर्नमात्र जान्ने अदक्ष र अर्धदक्ष मानिसलाई शूद्र नामाकरण गरियो । कामका आधारमा विराट् रूप ब्रह्मको शरीरमा टाउकाले ज्ञानको प्रतिनिधित्व, हातहरूले प्रशासन, पेटले आर्थिक अवस्थाको र खुट्टाले श्रमको प्रतिनिधित्व गरेको बिम्बात्मक प्रस्तुति दिइयो । वास्तवमा यो रूपकात्मक प्रस्तुति हो (Acharya, 2018; Joshi, 2074)[12] । दुवै वेदमा यस सूक्तलाई पुरुष सूक्त भनिन्छ । यसमा समस्त विश्व ब्रह्माण्डलाई ब्रह्मको विराट र ब्रह्मको साकार रूपमा व्याख्या गरिएको छ । सूर्य, चन्द्र, ताराहरू, पृथ्वी, अन्तरिक्ष र आकाश, नदी, समुद्र, रुख, बिरुवा, जलचर, थलचर र नभचर सबै ब्रह्मका साकार रूप हुन् । यसमा सबै अस्तित्वलाई विराट रूपका विभिन्न अङ्गसित जोडिएको छ, जुन प्रतिकात्मक प्रस्तुति हो ।

**वैदिक आदर्श समाजः सामूहिकताको महत्त्व**

ऋग्वेदको दशम मण्डलको अन्तिम सूक्त १९१ लाई संज्ञानम् या सम्बनन् सूक्त भनिन्छ । यसको २, ३ र ४ मन्त्रमा आदर्श समाजमा रहने मानिसहरूको व्यवहार कस्तो हुनुपर्दछ भन्ने बारे स्पष्ट खाका दिएको छ । समाजमा बस्ने हामी सबैका हृदय र विचार समान होऊन्, सबै कामका लागि एक मन र एक सङ्कल्पकासाथ सङ्गठित होऊँ । साझा उद्देश्यका लागि सबैको सरसल्लाह समान होस् । जसरी पहिला यज्ञ कर्म र देव स्तुतिका लागि सबै एकसाथ जुटेर गर्थे, हामी पनि सहयात्रा गरौं, सरसल्लाह गरौं, सबैका मन मिलाऊँ । वेदले समुदायको हितको चिन्ता चासो लिन्छ, व्यक्तिको महत्त्व समुदायको सदस्यका रूपमा मात्र रहन्छ । वेद समुदाय प्रधान समाजशास्त्र र समाज प्रधान दर्शन र साहित्य हो ।

स्मृति ग्रन्थहरूमा युगधर्मको व्याख्या गरिएको छ । सायद महाभारतको युगपछि वर्ण व्यवस्थाको स्थान जातीय व्यवस्थाले लियो, छुवाछुतजस्ता कुप्रथा सुरु भए । वेदका कतिपय मन्त्रका स्रष्टाहरूऋषि विदुषीहरू थिए । जस्तैः उर्ध्वनाभा, उषा, दक्षिणा, शची, पौलोमी, यमी, सरमा, अदिति, वागम्भृणी, सरस्वती, इन्द्रमाता आदि । बृहदारण्यक उपनिषद्का अनुसार विद्वान् याज्ञवल्क्यलाई शास्त्रार्थमा उत्तर दिन अप्ठेरो परेको महिला विदुषी गार्गी र मैत्रेयीका प्रश्नमा हो । स्मृतिग्रन्थ र पुराणमा स्त्री वर्गले वेद नपढ्ने गायत्री मन्त्र पुरुषले मात्र साधना गर्ने कुरीति चल्यो तथापि

[12] ऋग्वेद, १०.९०, यजु.३१

मनुस्मृतिमा स्पष्टतः शुद्र, वैश्य र क्षत्रियले आचरण सुधार्दै लगे एकएक तह पदोन्नति हुँदै अन्तमा शुद्र बाह्मण तहमा पुग्छ भने ब्राह्मण ,क्षत्रिय र वैश्यले अनुचित आचरण गरे क्रमश घट्दै गएर ब्राहमण शूद्र हुन्छ भनिएको छ (सक्सेना, २०१७)[13] । यही कुरा आपस्तम्भ सूत्रको २.५. १०, ११ मा यसरी भनिएको छ :

*धर्मचर्यया जधन्यो वर्णः पूर्वं पूर्वं वर्णमापद्यते जाति परिवृत्तो । अधर्मचर्यया पूर्वो वर्णो जघन्यं जघन्यं वर्णमापद्यते जाति परिवृत्तौ ।*

यसरी यी तहहरू ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र वेद संहिताअनुसार क्षमताका र सीपका योग्यताका मानक हुन् । यदि यो सीप र विशिष्टता कायम गर्न नसके तल खस्किदै जाने लचिलो व्यवस्था वर्ण व्यवस्था हो भने जन्म निश्चित हुने अपरिवर्त्य जातीय व्यवस्था वैदिक व्यवस्था होइन । शुद्र भनेको जन्मजात वर्ग होइन, यो भनेको कुनै व्यक्ति जसको बौद्धिक विकास भएको छैन, त्यसलाई जनाउने शब्द हो । यस अर्थमा जन्मजात सबै व्यक्ति शूद्र हुन्छन् । योग्यता र रुचिका आधारमा पढाइ-लेखाइ अनुसन्धानमा जाने कि प्रशासनमा, आर्थिक कारोबार व्यापार र वाणिज्यको क्षेत्रमा जाने त्यसले तह निर्धारण हुने व्यवस्था वर्ण व्यवस्था हो । त्यसको आधारमा बौद्धिक तह, प्रशासनिक तह, आर्थिक तहका रूपमा वर्ण विभाजन भएको यो लचिलो र परिवत्र्य व्यवस्था हो । त्यसैले ऋषि विश्वामित्र राजर्षिबाट अस्त्रशस्त्रको विशिष्टतामा रुचि त्यागेर शास्त्रको विशिष्टतामा लागेपछि ब्रह्मर्षि बनेको प्रसङ्ग इतिहास र पुराण ग्रन्थमा पाइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २ मा कुनै पनि प्रकारको भेदभावविना सबैले अधिकार उपभोग र धारा २३ (१) प्रत्येक व्यक्तिलाई काम गर्ने, रोजगारी छनोट गर्ने र उचित तथा अनुकूल काम पाउने अधिकारको व्यवस्था छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा २ (२) ले जाति, लिङ्ग, भाषा, धर्म आदि आधारमा कुनै विभेद नगर्ने र धारा ६ मा काम गर्ने अधिकार, स्वतन्त्र रूपमा रोजगारी छनोट गर्ने अवसरको सम्बन्धमा उल्लेख गरेको छ । यी व्यवस्थालाई हेर्दा वेद आदि शास्त्रमा विना भेदभाव, योग्यता र क्षमताको आधारमा काम गर्न पाउने उल्लेख गरेको पाइन्छ ।

### वेद ग्रन्थ र स्मृति, पुराण इतिहासको सम्बन्ध : आदर्श जीवनका प्रेरक सिद्धान्त

वैदिक धर्म दर्शनको आधार चार वेद संहिता नै हुन् । वेदका मन्त्रहरू सूत्रबद्ध छन् । तिनका आशयलाई सर्वप्रथम ब्राह्मण र आरण्यका ग्रन्थहरूले, षडङ्गमध्ये कल्प ग्रन्थहरूले कर्मकाण्डीय र

[13] मनुस्मृतिको १०.६५

उपासनापरक व्याख्या गरे भने उपनिषद्ले ज्ञानपरक व्याख्या गरे । त्यसमाथि लौकिक प्रयोजन र समाजपरक व्याख्या स्मृति ग्रन्थहरूले गरे त्यसमध्ये मनुस्मृति र याज्ञवल्क्यस्मृति समाज नियमका रूपमा स्वीकार गरेको पाइन्छ । मनुस्मृतिको विचार वैदिक साहित्यको सामाजिक पक्ष बुझ्न सबैभन्दा सान्दर्भिक ग्रन्थ हो । मनुस्मृतिमा जातीय उचनीच, लैङ्गिक भेदभावका कुरा वैदिक समाज ज्ञान परम्पराबाट टाढिदै गएपछि थपेका श्लोक हुन् भनेर स्वामी दयानन्द सरस्वतीले किटेर भन्नुभएको छ । तीबाहेक मनुस्मृति अद्वितीय जानकारी दिने ग्रन्थ हो । डा. सुरेन्द्रकुमारले सन् २००५ मा आर्ष साहित्य प्रचार ट्रस्टबाट मनुस्मृतिमा अनुसन्धान गरेर कुनकुन श्लोक पछि थपिएका हुन्, तिनको सूची र प्रमाणिक तर्क पनि दिएका छन् । वेदका सूत्रबद्ध धर्म दर्शनका कुरालाई रामायण, महाभारत र पुराणहरूले विभिन्न नारी र पुरुषपात्रमार्फत र कथाका माध्यमले सजिलो गरी बुझाउने प्रयास गरे । यसै कुरालाई स्मृति ग्रन्थहरू, इतिहास र पुराणग्रन्थहरूले पटक—पटक दोहर्याएका छन् तर वेदका कुन अवधारणा कुन पुराणले व्याख्या गरेको हो भन्ने प्रसङग बिर्सिंदै गइयो । विभिन्न धार्मिक कार्यमा वेदको आधारभूत ज्ञान नराखी, अर्थ नबुझी मन्त्रहरूको सुगा रटान र तिनको पुनरावृत्ति गर्ने परिपाटी चल्यो । पुराणमा मात्र जोड दिँदा वैदिक सनातन धर्म दर्शन र हिन्दुसमाज परम्परा ज्ञानबाट टाढिएर अन्धविश्वास र कुरीतिमा फसेको हो । अन्धविश्वासबाट मुक्तिका लागि वेदको व्यवस्थित अध्ययन खासगरी उपनिषद्का आधारमा षड्दर्शनको अध्ययन गरियो र गराइयो भनेमात्र सम्भव छ । अहिलेको प्रचलन पुराणलाई प्राथमिकता (रामायण, भागवत, देवीभागवत, शिवपुराण आदि) वेदलाई उपेक्षा, वेदका मन्त्र विभिन्न यज्ञमा प्रयोग गर्ने तर तिनको अर्थ यज्ञ गराउनेलाई पनि थाहा नहुने अब यजमानलाई पुरोहितले नबताएपछि झन् थाहा हुने कुरा भएन । यस किसिमको परिपाटीले वैदिक सनातन धर्म अन्धविश्वास र रुढीवादमा रुमल्लिएको छ भन्नेहरूलाई बल पुग्न गएको देखिन्छ । मनुस्मृतिको सामाजिक विधान वेदको आधारमा रहेको छ । यसले इतिहास पुराणहरूलाई व्याख्या ग्रन्थका रूपमा मात्र महत्त्व दिएको छ । सक्सेना, (२०१७)[14] मा वेदलाई मात्र वैदिक धर्म दर्शनको आधार मानिएको छ र यो नै धर्मको आँखा हो भनिएको छ । मनुस्मृतिको सन्दर्भलाई अलि विस्तार गर्दै याज्ञवल्क्य स्मृतिले (१.३) १४ शास्त्रलाई सनातन धर्मको आधार मानेको छ । सर्वप्रथम चार वेद त्यसका छ वेदाङ्ग र (वेद व्याख्या गरेका) न्याय, मीमांसा, पुराण र धर्मशास्त्र । वेदको उत्पत्तिबारेमा ऋग्वेदको (१०.९०.९/१०.१९०.३), वृहदारण्यकोपनिषद् (४.५.११),श्वेताश्वेतर ( ६.१८) र ब्रह्मसूत्र ( १.३.२९) मा पाइन्छ ।

[14] मनुस्मृतिको २.६ र १२.९४

वैदिक सनातन धर्मका पाँच मूल विशेषताहरू मानव अधिकारको प्रसङ्गसित प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिन्छन् । ती हुन् :

१.धार्मिक सहिष्णुता,

२.स्वतन्त्रता,

३. मानवधर्मः लोककल्याणको कामना,

४.सत्य सन्देश र

५. विश्व शान्तिको कामना

सबैमा मित्रभाव देख्ने वैदिक सामाजिक आदर्श र समस्त ब्रह्माण्डमा र यसको वातावरणमा थलचर, जलचर र नभचरमा शान्ति कामना चाहने वैदिक मन्त्रको सान्दर्भिकता अहिलेको विभीषिकामा पोलेको घाउमा शितल मलम लगाएजस्तै हो (Swami, 1988)[15] ।

**श्रीमद्भगवद्गीतामा मानव अधिकार**

अर्जुनको दुख (विषाद)

भगवद्गीता (२०२२) मा १८ अध्याय ७०० श्लोकको ज्ञानयात्रा अर्जुनको विषादयोग (पहिलो अध्याय) बाट सुरु भएर मुक्तियोग (१८ औ अध्याय) मा गएर टुङ्गिन्छ । विषादयोग निवारणका उपायका बारेमा २ देखि १७ अध्यायसम्मका चर्चा र संवाद आएका छन् । यस अस्थायी संसारमा शोक र मोह नै मानव जीवनका दुख र अशान्तिका बीज हुन् । अर्जुनलाई पनि आफ्ना दाजुभाइ, इष्टमित्र, गुरु वर्गसँग युद्ध गर्नुपर्ने भयो । उनीहरू मारिने भयले मनमा अति दुख लाग्छ र कर्तव्यपालनदेखि पलायन हुने सम्मको विचार आउँछ । अर्जुनको विषादमार्फत मानवको मनोविज्ञान बुझ्न र दोस्रो अध्यायबाट ज्ञान, कर्म र भक्तिका मार्गहरू प्रयोग गरेर आत्मअनुभूतिका चरणमा पुर्याउनु नै मुक्ति हो। यही गीताको एउटा प्रमुख लक्ष्य हो ।आध्यात्मिक ज्ञानको ढोका खोल्ने साँचो बुद्धियोग अर्थात् तत्त्वज्ञान रूपयोग मानिएको छ (१०.१०) र मानवमात्रको उद्धारका लागि श्रीकृष्णले यो साँचो अर्जुनलाई दिएका हुन् । सबै यज्ञहरूको एउटा मुख्य उद्देश्य शुद्धीकरण हो, जो आत्मज्ञानका लागि अनिवार्य तत्त्व हो ।

[15] यजु.३६.१८

अर्जुनको विषादलाई *अर्जुन सिन्ड्रम* भनौं र आधुनिक समयमा समस्त मानव विषाद ग्रस्त छन् । श्रीकृष्णले दिएको समाधान अर्जुनका लागि मात्र होइन, उनीमार्फत् समस्त मानवका लागि, हो । हिन्दु शास्त्रमा परमात्मालाई *भवरोग वैद्य* मानिन्छ, संसार भवसागर मानिन्छ । यहाँ मानिस पीडा, कुण्ठाले ग्रस्त छन र श्रीकृष्णले सबलाई भवसागरबाट पार लगाउँछन् । उनी आफैंले भनेका छन्— म सबैलाई मृत्यु संसार सागरबाट पार लगाउँछु (१२.७) । अर्जुनको विषादलाई श्रीकृष्णले *कश्मल र हृदयको दुर्बलता* (२.२—३) भनेका छन् । मेरा आफन्त, दाजुभाइ, गुरु भन्ने मोहले जन्माएको शोकको औषधी अन्त्य अजर—अमर आत्माको अनुभूति, देह र देहीको व्याख्यामार्फत् (२.११—३०), क्षेत्र र क्षेत्रज्ञ ( प्रकृति र पुरुष) को अवधारणा (१३ अध्याय) र जीव परमात्माको अंश, सबैको हृदयमा पुरुषोत्तमको बासबाट प्राप्त हुन्छ (१५औं अध्याय)। भवरोगको कारण अज्ञानता हो । त्यसको उपचार उपर्युक्त ज्ञान हो । ज्ञान दिन सक्ने सिकाउन सक्ने तत्त्ववेत्ताले मात्र हो (४.३६) त्यसका लागि भवरोगीले भक्ति, शरणागति र प्रपत्ति हुन सक्नुपर्छ । अर्जुनले मेरो दिमागले काम गरेन, म भ्रमित भएँ, म शरणमा परँ,े सही मार्ग निर्देशन गर्नुपर्यो (२.७) भनेर शरणागति भएपछि श्रीकृष्णले अर्जुनको विषाद निवारणका लागि विविध विधि अपनाउनु भयो । ती हुन्— ज्ञानयोग, कर्मयोग र भक्तियोग । ती मार्गमार्फत् उनले आत्मज्ञान प्राप्त गरेपछि उनको मोह भ्रम नष्ट भयो र उनलाई आफ्नो कर्तव्यबोध भयो (१८.७३) । यसरी अज्ञानताले मेरो भन्ने भ्रम त्यसका कारण मोह र शोक, आफ्नो कर्तव्य अथवा स्वधर्म बिर्सिएर अन्त ध्यान बाँडिनु र यसको समाधान आत्मज्ञान र स्वधर्मको बोध हुनु हो । गीता पहिलो अध्यायको २० औं श्लोकपछि दोस्रो अध्यायको ९ श्लोकसम्म अर्जुनको विषाद र गीताको दोस्रो अध्यायको १० श्लोकदेखि १८ अध्यायको ७३ श्लोकसम्म त्यस विषादको निराकरणका उपाय दिइएको छ । यी उपाय समस्त मानवजातिको विषादको उपचार हो । त्यसैले गीताको अध्ययन सबैको साझा समस्या बुझ्न र त्यसको समाधानका लागि अति आवश्यक छ ।

## स्वधर्म र परधर्म

भगवद्गीता (२०२२) मा आफ्नो कर्तव्यलाई स्वधर्म भनिएको छ । त्यस अर्थमा स्वधर्मे निधनंश्रेय (३.३५) भनिएको हो। कर्तव्य पालनाले सन्तुष्टि दिन्छ । वर्तमान समयमा गुरुकुल शिक्षाको परम्परा हराएर गयो । लर्ड मैकेलेले ल्याएको पश्चिमा शिक्षा प्रणालीअन्तर्गत सञ्चालित स्कूल तह, क्याम्पस तह र उच्च अनुसन्धान तहमा समेत वैदिक गुरुकुल प्रणालीको सामान्य जानकारीसम्म पनि दिइँदैन । वेद संहिता, उपवेद, ६ वेदाङ्ग, षड्दर्शन, नीतिशास्त्र, स्मृतिशास्त्र, पुराणशास्त्र र काव्यशास्त्र कसैको पनि परिचय नै हुँदैन । यसरी शिक्षाले हाम्रो ज्ञान परम्परासित हामीलाई जोड्दै जोडेन ।

गीताले आजभन्दा हजारौं वर्षपहिला पर संस्कृति र आचरणले स्वधर्म र स्वसंस्कृतिलाई खतरामा पार्न सक्छ । त्यसको प्रभाव युद्धको भन्दा डरलाग्दो हुन सक्छ भनेर सावधान पारेको थियो । त्यसैलाई गीतामा परधर्मो भयावह (३.३५) भनिएको हो । दक्षिण एसियामा हिन्दु, जैन, बौद्धले इस्लाम र इसाइको छद्म जाललाई बुझेनौ कतै लोभलालच व्यक्तिगत फाइदा देख्यौ । जस्तैः बेलायती उपनिवेशमा बेलायती विश्वविद्यालयमा पढेका उनीहरूको पाठ्यक्रम पढाउने दक्षिण एसियामै चलिरहेका विश्वविद्यालयमा पढेकाले उच्च तहको सरकारी जागिर पाए । विदेश जान पाउने छोराछोरीले राम्रो शिक्षा पाउने भ्रममा धर्मान्तरणमा वृद्धि हुँदै गएको छ । यस प्रक्रियाले हाम्रो धर्म—संस्कृति अप्ठेरो अवस्थामा पुग्यो।

व्यक्ति वा समुदायले आफ्नो ज्ञान, परम्परा आफ्नै तरिकाले आफ्नै पद्धतिद्वारा सिक्ने/सिकाउने स्वतन्त्रता पनि मानव अधिकारभित्र पर्दछ । यस कुरालाई मध्यनजर राखेर गीताले सिक्ने/सिकाउने परिपाटीबारे स्पष्ट प्रावधान (४.३६) मा दिएको छ। समभाव शब्द नै गीतामा सबभन्दा बढी मानव अधिकारको पक्षपोषक शब्दहो । विचार र व्यवहारको समभावको अपेक्षा आफूलाई जस्तै अरूलाई सम्झ (६.३२) ।

## अधिकार र कर्तव्य

भगवद्गीता (२०२२) ले अधिकारभन्दा पहिला कर्तव्यलाई ध्यान दिनुपर्ने कुरा अघि सारेको छ । प्रत्येक मानिस जुन पेसाव्यवसायमा छ त्यो कर्म उसको कर्तव्य हो । वास्तवमा कर्म नगरी शरीर निर्वाह पनि हुँदैन। भोजनका लागि र जीवनवृत्तिका लागि पनि कर्म त गर्नैं पर्छ (३.८) । कर्म नगरी व्यक्ति, परिवार, समाज र राष्ट्र कोही पनि अघि बढ्न सक्तैन । त्यसैले गीताले कर्म गर परिणामबारे नसोच, निष्क्रिय बस्दै नबस भनेको छ (२.४७) । राजा जनकजस्ता महान् व्यक्तिहरू कर्मयोगी थिए । उनीहरूले पनि निरन्तर कर्मको मार्गबाट नै सिद्धि प्राप्त गरेका थिए (३.२०) । निष्काम कर्मबाट जीवन सफल र परम्पदमा पुगिन्छ । सफलता, असफलताको परवाह नगरी कर्मलाई कर्तव्य सम्झेर आसक्तिरहित भएर कर्ममा लागि राख्नु नै कर्मयोग हो । यस्तो अवस्था नै समत्वको अवस्था हो र यो नै योग हो (२.४८) । निष्काम समवुद्धिले गरिने कर्मले जन्ममृत्युको बन्धनबाट हामीलाई मुक्त बनाउँछ । तन्मयताका साथ गरिने निष्काम कर्मले कौशलता प्राप्त गराउँछ र कर्म कौशलता पनि योगको अवस्था हो (२.५०) ।

## कर्मको महत्त्व

कर्म गर्नु मानव स्वभाव हो, ऊ एकछिन पनि कर्म नगरी बस्न सक्दैन । हामी सत्व, रज र तम (त्रिगुण) यी तीन गुणका अधीनमा छौं र यिनले नै हामीलाई कर्ममा निरन्तर लगाइ रहन्छन् ।

हाम्रो स्वभाव र वृत्ति पनि गुणहरूबाट नै निर्धारित हुन्छ । आलस्यवश कर्मेन्द्रिय नचलाए पनि मनले कर्मको वृत्ति छाड्दैन, त्यसैले आलस्यका कारण र श्रम भयका कारण कर्म नगरी निष्क्रिय हुनु त्यागी हुनु या सन्यासी हुनु होइन । कर्मफलको आश त्यागेर कर्ममा लागी राख्नु त्यागी हुनु हो भने काम्य कर्म छाडेर नियत कर्म या कर्तव्य कर्म भन्नाले यज्ञ, तप र दान गर्ने व्यक्ति सन्यासी भनिएको छ (१८.२,५) ।

**यज्ञको अर्थ र महत्त्व**

गीताले भनेको छ' यज्ञका लागि गरिने कर्मले हामीलाई जन्ममृत्यु बन्धनमा बाध्दैन तर अन्य कर्मले बाँधदछन् किनभने ब्रह्माले सृष्टिका प्रारम्भमा मानवलाई यज्ञ गरेर इच्छित फल प्राप्त गर्ने र सुखी समृद्ध हुने आशिष दिएका थिए । त्यसैले मानिसको मुख्य कर्तव्यमा यज्ञ गर्नुपर्दछ (३.१०) । देवता र मानवका बीच परस्पर सद्भाव यज्ञबाट कायम हुने कुरा गीतामा स्पष्ट उल्लेख छ (३.११)। यज्ञ भन्नाले के के बुझिन्छ स्पष्ट हुन जरुरी छ । प्राकृतिक तत्त्व जसले हामीलाई जीवनयापनका लागि आवश्यक वस्तु दिन्छन् । जस्तै' सूर्यले ताप, चन्द्रले शितलता, वायुले आवश्यक अक्सिजन, पृथ्वीले उत्पादकत्व, जमीन, पर्यावरण, नदीनालाले पानी दिएका छन् ।त्यसो भएर नमागी दिने देवता उनीहरूप्रति हामीले कृतज्ञता जनाउनुपर्दछ । त्यो कृतज्ञता जनाउने प्रक्रिया नै यज्ञ हो । यसको विधान वेदशास्त्रले गरेको छ । यज्ञ मानव र देवताबीच र तीन लोकलाई जोड्ने कडी हो । गीताको ३. १४ र १५ मा यो कुरा स्पष्ट पारिएको छ । गीताले यज्ञलाई कर्मकाण्डबाट माथि उठाएर प्रकृति र मानवबीचको अन्तर्सम्बन्ध र विविध अस्तित्वबीचको अभिन्न अन्तर्सम्बन्ध र सहकार्यको अपरिहार्यता मानेको छ। यसो नभएमा विभिन्न प्राणीका प्रजातिको विनाश र पर्यावरणीय असन्तुलन भई जीवन बाँच्न गाह्रो हुने सङ्केत गरेको छ ।

गीतामा धेरै खाले यज्ञको वर्णन रहेको छ । जस्तै' द्रव्य यज्ञ, तप यज्ञ,योग यज्ञ, स्वाध्याय यज्ञ । यीमध्ये ज्ञानयज्ञलाई सर्वोत्कृष्ट मानिएको छ (४.२८,३३) किनभने ज्ञानले नौकाले नदी पार गराएजस्तै भवसागर पार गराउँछ । जसरी अग्निले दाउरा जलाएर नष्ट पार्छ, त्यसैगरी ज्ञान अग्निले पाप जति जलाइदिन्छ । ज्ञान समान पवित्र केही छैन र ज्ञान प्राप्ति क्रमशः समयले पनि गराउँछ। ज्ञानप्राप्तिको आधार श्रद्धा र आत्मसंयम हो । अज्ञानरूपी संशयलाई काट्ने साधन ज्ञानको तरबारले नै काट्ने हो । ज्ञान प्राप्त भएपछि मात्र शान्ति पाइन्छ । श्रद्धारहित संशययुक्त व्यक्तिले यस लोक र परलोकमा कहीँ पनि सुख पाउँदैन (४.३६—४२) ।

**कर्मयोग**

Swami (2009) मा गीताको आदर्श व्यक्ति अनासक्त कर्मयोगी हो । उसले सबै प्राणीको अन्तरआत्मामा आफूलाई पाउँछ र आफ्नो अन्तरआत्मामा अरू सबैलाई देख्छ । उसले सबैमा र सबै ठाउँमा वासुदेवलाई देख्छ र वासुदेवले पनि उसलाई देखिरहेका हुन्छन् (६.२९,३०) । एउटै चैतन्यको बास हुने हुनाले ब्रह्माण्डको दार्शनिक आधार समता र एकरूपता मान्दछ । यस अर्थमा गीताले समतामूलक विश्व परिवेशको कल्पना गर्दछ (१३.१६, १८.२०) जहाँ शोषण र थिचोमिचोको आवश्यकता नै रहँदैन ।

कमलको पातलाई जसरी पानीले प्रभाव पार्दैन, त्यसैगरी निष्काम भावले गरिने कर्मले कर्तालाई परिबन्दमा पार्दैन । आत्मशुद्धिका लागि पनि शरीर, मन, इन्द्रिय र बुद्धिले कर्म गर्नै पर्दछ, अरू कुनै बाटो छैन । कर्मफलको आशले गरिने कर्मले कर्तालाई आसक्त बनाउँछ र भवचक्रको पासमा बाँध्दछ भने कर्मफल त्यागको आसयकासाथ गरिने कर्मले शान्ति प्राप्त हुन्छ। यसरी आत्मशुद्धिको बाटो कर्म हो भने शान्ति प्राप्त गर्ने मार्ग पनि कर्म नै हो । त्यसैले कर्मबाट भाग्ने होइन, निरन्तर कर्म गरिरहने तर फलप्रति अनासक्त रहने मात्र हो (५.१०—१२) ।

श्रीकृष्णले स्पष्ट भाषामा भनेका छन्— अरूको सुखमा सुख र दुखमा दुख महसुस गर्न सक्ने व्यक्तिमात्र साच्चिकै उत्तम कर्मयोगी हो । त्यस्तो कर्मयोगीको अवस्था चञ्चल मनलाई अभ्यास र वैराग्यले शान्त पार्न सकेको परिप्रेक्ष्यमा सम्भव छ (६.३२,३६) । श्रीकृष्णले असल कार्यको परिणाम जहिले पनि असल नै हुन्छ, चाहे त्यो यस जुनीमा होस् या अर्को जुनीमा तर असल कर्म त्यत्तिकै व्यर्थ जाँदैन । त्यसैले सबैले असल कर्म नै गर्नुपर्छ भन्ने प्रेरणा दिएका छन् (६.४०—४५)। त्यस्तो उच्च आदर्श मानवीय गुणयुक्त कर्मयोगीले अरूलाई अन्याय र शोषण गर्ने प्रश्न नै उठ्दैन। मानव जीवनको लक्ष्य लोककल्याण अथवा परोपकार हो । लोककल्याणका लागि पनि निरन्तर कर्म गर्नु नै पर्छ ।

गीताले सन्तुलित जीवन पद्धतिलाई आदर्श मानेको छ, चाहे त्यो आहारको कुरा होस् या आराम गर्ने कुरा । कर्म गर्ने, प्रयत्न गर्ने, सुत्ने र जाग्ने सबै कर्ममा सन्तुलन जरुरी छ । क्रमिक साधना धैर्यता, चञ्चल मनलाई सुस्तरी संयमित बनाउँदै शान्त पार्नुपर्छ (६.१७,२५,२६) । सबै प्राणीभित्र आफूलाई देख्ने र आफूभित्र पनि अरूलाई देख्ने भाव विकास नै समभाव हो । सन्तुलित व्यक्तित्वमा समभावको चेत हुनुपर्दछ (६.२९) ।

इन्द्रियका विषय (रूप, रस, गन्ध, स्पर्श आदि) मा बढी ध्यान दिँदा आसक्ति उत्पन्न हुन्छ, आसक्तिबाट तृष्णा र तृष्णा तृप्ति नहुँदा क्रोध जन्मिन्छ र क्रोधबाट मूढभाव र त्यसले स्मृतिको नाश

गर्छ र बुद्धिनाश हुन्छ, अनि मानव पतन हुन्छ (२.६२—६३) । काम, क्रोध र लोभले पतनको मार्ग प्रशस्त गर्दछन् । त्यसैले यसलाई त्याग्ने प्रयास गर्नुपर्छ ।

**ज्ञानको महत्त्व**

ज्ञानजस्तो पवित्र अज्ञानताले ज्ञानलाई छोपिरहँदासम्म मानव जीवन मोह र भ्रमको जालमा परिरहन्छ। जब अज्ञानताको छोपनी हटाइन्छ, सूर्यले अन्धकारलाई नष्ट गरेझैं मोह र भ्रमबाट मुक्त भइन्छ। उसका लागि उचनीच, पशु, मान्छे, गाई, कुकुर, हात्तीमा कुनै भेद रहँदैन । ज्ञानीको अवस्था समता भावको अवस्था हो। (५.१५—१८) । उनीहरू सबै प्राणीमात्रको कल्याणका लागि काम गर्दछन् (५.२५) । गीताका अनुसार खास सुख आन्तरिक हुन्छ, बुद्धिमान्ले इन्द्रिय सुखलाई क्षणिक र दुखका कारण मान्दछन् । इच्छा र क्रोधको आवेगलाई रोक्न सक्ने व्यक्ति नै सुखी व्यक्ति हो (५.२२—२४) ।

**मानव अधिकारका बाधक तत्त्वहरू**

१. राजा धृतराष्ट्र पक्षपाती देखिएका छन्, जस्तो कि उनले आफ्ना र भाइ पाण्डवका छोरामा भेदभाव गरेको भाव भगवद्गीताको पहिलो श्लोकमा नै देखिन्छ—"मामका" र "पाण्डवा" यी दुई शब्दले स्पष्ट पार्छन् (१.१)।

२. राजा धृतराष्ट्रले आफ्ना छोरा दुर्योधनलाई अनियनिन्त्रत छाड्नु पनि पाण्डवको अधिकार हननमा कारक तत्त्व हो ।

३. व्यक्ति या समूहको जीविका नै खतरामा पार्ने राज्यसंयन्त्र मानव अधिकारको बाधक हुन्छ । पाँच पाण्डवहरूलाई बाँच्न र परिवार पाल्नका लागि आवश्यक पाँच गाउँ पनि दिन तयार नहुने कौरव शासन उनीहरूको बाँच्ने जीविका गर्ने र परिवारको संरक्षण गर्ने मानव अधिकारबाट उनीहरूलाई वञ्चित गरेकाले धृतराष्ट्रद्वारा सञ्चालित शासन प्रणाली मानव अधिकारका मूल्यमान्यता सम्मत थिएन भन्न सकिन्छ ।

४. युद्ध नचाहेकालाई युद्धमा जबरजस्ती धकेल्नु मानव अधिकार विरोधी काम हो । महाभारतको युद्धमा पाण्डवहरूले युद्ध चाहेका थिएनन्, युद्ध टार्ने हरप्रयास गरेका थिए । शान्तिवार्तामार्फत समझदारी गर्ने प्रयास गरे । आफ्ना तर्फबाट वार्ता र सम्झौताका लागि श्रीकृष्णलाई दूत बनाएर पठाए तर दुर्योधनले शकुनीको सल्लाहमा सबै प्रयास अस्वीकारमात्र गरेन, कूटनीतिक मर्यादा विपरीत दूतलाई पक्रिने पनि प्रयास गरे । अन्तमा, सबै प्रयास विफल भएपछि आफ्नो अधिकारका लागि पाण्डवलाई युद्ध गर्न विवश पारियो ।

## निष्कर्ष

समग्रमा भन्नुपर्दा अन्तर्राष्ट्रिय दस्तावेज, राष्ट्रिय संविधान, ऐनमा मानव अधिकारसम्बन्धी जुन र जसरी व्यवस्था साथै व्याख्या गरिएको छ । यो अहिलेको उपज होइन, शदियौँदेखि नै अस्तित्वमा रहेको र आत्मसात् गर्रिंदै आइएको छ । प्रयुक्त शब्दावली, अवलम्बन गरिएको विधि, पद्धति तौरतरिका आदि भने फरक थिए, जुन स्वाभाविक पनि हो । यस सम्बन्धमा वेद संहिता र भगवद्गीताले निर्देश गरेअनुसारको आत्मज्ञानसहितको कर्मयोगी जीवन नै आदर्श मानव जीवन हो र यो नै मानव अधिकारको आधार हो भन्न सकिन्छ । यस्ता आदर्श सदस्यहरू भएको परिवार स्वतः आदर्शमय हुने भयो । यस किसिमको आदर्श परिवार भएको समाज नै  आदर्श समाज हो । यस खालको समाज भएको राष्ट्र आदर्श राष्ट्र हो । यसरी हेर्दा मानव अधिकारको आदर्श भनेकै वैदिक आदर्शको अनुकरण हो ।

## सन्दर्भ-सामग्रीहरू

Acharya, V.T. (2018). *Rigveda (Sanskrit Text with Hindi Translation) (3 vols)*. Manoj Publications.

Gotshalk,R. (1993). *Bhagavad Gita Translation and Commentary*. Motilal Banarasidass Publishers.

Swami, S. P. S. (1988). *The Rik-Yajuh Prefaces*. Veda Pratishthan.

Joshi, A.S. (2074 BS). *Yajurveda (Sanskrit Text with Nepali Translation)*. Goodwill Publication Pvt Ltd.

Bhagavadgita. (2022). *Srimad Bhagavadgita* (Sanskrit with Hindi and English Trans.; 24th Reprint). Gita Press Gorakhpur.

Sarasvati, M. (2013). *Bhagavad Gita with the Annotation Gudhartha Dipika* (S. Gambhirananda, Trans. English). Advaita Ashrama.

Saraswati, S.S.P & Viraj, U.V (Trans. English) (n.d.). *Atharva Ved, Vol I. https://www.ebharatisampat.in/pdfs/ebharati-pdf-1634550345Adharvavedha-Vol1_compressed.pdf*

राष्ट्रिय मानव अकिार आयोग (वि.सं. २०८१). *मावन अधिकारः जान्नुपर्ने कुरा* (१४ औं संस्करण). राष्ट्रिय मानव अधिकार आयोग, ललितपुर ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* नेपाल कानून आयोग.

https://lawcommission.gov.np/content/13437/nepal-s-constitution/

सक्सेना, सुरेन्द्रनाथ (२०१७). *मनुस्मृति* (बारहवां संस्करण). मनोज पब्लिकेशन्स, दिल्ली ।

सिवाकोटी, कैलाशकुमार (२०८१). *मानव अधिकार र मानवीय कानुनको आयाम* (भाग १ र २). पैरवी बुक हाउस ।

संयुक्त राष्ट्र संघ (१९४८). मानव अधिकारको विश्वव्यापी घोषणापत्र. https://www.un.org/en/about-us/universal-declaration-of-human-rights.

संयुक्त राष्ट्र संघ (१९७९). महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि. https://www.un.org/womenwatch/daw/cedaw/cedaw.htm

संयुक्त राष्ट्र संघ (१९८९). बाल अधिकारसम्बन्धी महासन्धि. https://treaties.un.org/pages/viewdetails.aspx?src=treaty&mtdsg_no=iv-11&chapter=4&clang=_en

संयुक्त राष्ट्र संघ (२०१५). दिगो विकास, वातावरण संरक्षण र पेरिस सम्झौता. https://unfccc.int/process-and-meetings/the-paris-agreement

संयुक्त राष्ट्र संघ (१९६६). आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि. https://www.ohchr.org/en/instruments-mechanisms/instruments/international-covenant-economic-social-and-cultural-rights